आकाशवाणी

24 January, 2026 (Saturday)

प्रमुख समाचारहरु :

1) राष्ट्रपति द्रौपदी मुर्मुले भोलि ७७ औं गणतन्त्र दिवसको पूर्वसन्ध्यामा राष्ट्रलाई सम्बोधन गर्नुहुने

2) प्रधानमन्त्री नरेन्द्र मोदिद्वारा नयाँ दिल्लीमा १८ औं राष्ट्रिय रोजगार मेलाको उद्घाटन

३) प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि बिहान ११ बजे आकाशवाणीबाट मन की बात कार्यक्रममा देश र विदेशका जनतासँग आफ्ना विचार साझा गर्नुहुने

4) रक्षामन्त्री राजनाथ सिंहद्वारा , विश्व अनिश्चितताको चरणबाट गुज्रिरहेको बेला देशका युवाहरू सदैव तयार रहनुपर्ने आह्वान ।

5) आज देशभरमा राष्ट्रिय बालिका दिवस पालना

: राष्ट्रपति द्रौपदी मुर्मुले राष्ट्रलाई सम्बोधन गर्नुहुने

राष्ट्रपति द्रौपदी मुर्मुले भोलि ७७ औं गणतन्त्र दिवसको पूर्वसन्ध्यामा राष्ट्रलाई सम्बोधन गर्नुहुनेछ। सम्बोधन साँझ ७ बजे आकाशवाणीको सम्पूर्ण राष्ट्रिय सञ्जालमा र दूरदर्शनका सबै च्यानलहरूमा हिन्दीमा प्रसारण गरिनेछ, त्यसपछि अंग्रेजी संस्करण प्रसारण गरिनेछ। दूरदर्शनका क्षेत्रीय च्यानलहरूले क्षेत्रीय भाषाहरूमा पनि प्रसारण गर्नेछन्। आकाशवाणीले राति ९:३० बजेदेखि यसको क्षेत्रीय सञ्जालहरूमा क्षेत्रीय भाषाका संस्करणहरू प्रसारण गर्नेछ।

: प्रधानमन्त्री नरेन्द्र मोदीले मन की बात

प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि बिहान ११ बजे आकाशवाणीबाट मन की बात कार्यक्रममा देश र विदेशका जनतासँग आफ्ना विचार साझा गर्नुहुनेछ। यो मासिक रेडियो कार्यक्रमको १३० औं श्रीन्खला हुनेछ। कार्यक्रम सम्पूर्ण आकाशवाणी र दूरदर्शन नेटवर्क, आकाशवाणी समाचार वेबसाइट र न्यूज अन एयर मोबाइल एपमा प्रसारण गरिनेछ। यो आकाशवाणी समाचार, दूरदर्शन समाचार, प्रधानमन्त्री कार्यालय र सूचना तथा प्रसारण मन्त्रालयको युट्युब च्यानलहरूमा पनि प्रत्यक्ष प्रसारण गरिनेछ। हिन्दी प्रसारण पछि आकाशवाणीले कार्यक्रमलाई क्षेत्रीय भाषाहरूमा प्रसारण गर्नेछ।

- प्रधानमन्त्री नरेन्द्र मोदिद्वारा रोजगार मेलाको उद्घाटन

प्रधानमन्त्री नरेन्द्र मोदिले आज नयाँ दिल्लीमा १८ औं राष्ट्रिय रोजगार मेलाको भर्चुअल रूपमा उद्घाटन गर्नुभयो, यस अवसर मा श्री मोदीले भन्नुभयो भारत र विदेशमा युवाहरूका लागि नयाँ अवसरहरू सिर्जना गर्न सरकारले प्रयास गरिरहेको छ । भारतले धेरै देशहरूसँग व्यापार, गतिशीलता सम्झौताहरूमा हस्ताक्षर गरिरहेको छ जसले देशका दक्ष युवाहरूका लागि अवसरहरू खोलनेछ । उहाँले भन्नुभयो रोजगार मेला एक संस्था बनेको छ र लाखौं युवाहरूले विभिन्न सरकारी विभागहरूबाट नियुक्ति पत्र प्राप्त गरिसकेका छन्।

कार्यक्रमको क्रममा, रोजगार मेला पहल अन्तर्गत विभिन्न सरकारी विभाग र संस्थाहरूमा ६१ हजारभन्दा बढी नयाँ भर्ना भएका युवाहरूलाई नियुक्ति पत्र वितरण गरिएको थियो। १८ औं रोजगार मेला देशभरका ४५ स्थानमा आयोजना भइरहेको छ। नयाँ नियुक्ति भएका उम्मेदवारहरू विभिन्न मन्त्रालय र विभागहरूमा सामेल हुनेछन्।

: मतदाता दिवस

निर्वाचन आयोगले भोलि नयाँ दिल्लीमा १६ औं राष्ट्रिय मतदाता दिवस मनाउनेछ। राष्ट्रपति द्रौपदी मुर्मुले प्रमुख अतिथिको रूपमा समारोहको अध्यक्षता गर्नुहुनेछ । यस वर्षको राष्ट्रिय मतदाता दिवसको विषयवस्तु "मेरो भारत, मेरो मत" हो, जसको ट्यागलाइन "सिटीजन एट द हार्ट अफ इन्डियन डेमोक्रेसी" हो। समारोहको क्रममा, राष्ट्रपतिले नयाँ पंजीकृत भएका युवा मतदाताहरूलाई

मतदाता फोटो परिचयपत्र हस्तान्तरण गर्नुहुनेछ। उहाँले प्रविधिको प्रभावकारी प्रयोग, निर्वाचन व्यवस्थापन, मतदाता जागरूकता पहलहरू, साथै मिडियाका लागि विशेष पुरस्कारहरू सहित विभिन्न श्रेणीहरूमा उत्कृष्ट निर्वाचन अभ्यास पुरस्कारहरू पनि प्रदान गर्नुहुनेछ । कार्यक्रमको क्रममा, केन्द्रीय कानून तथा न्याय राज्यमन्त्री अर्जुन राम मेघवालले प्रस्तुति दिनुहुने छ । समारोहको नेतृत्व प्रमुख निर्वाचन आयुक्त ज्ञानेश कुमार, निर्वाचन आयुक्त डा. सुखबीर सिंह सन्धु र डा. विवेक जोशीले गर्दैहुनुहुन्छ ।

: राजनाथ - एनसीसी

रक्षामन्त्री राजनाथ सिंहले, विश्व अनिश्चितताको चरणबाट गुज्रिरहेको बेला देशका युवाहरू तयार रहनुपर्ने बताउनुभएको छ ।

नयाँ दिल्लीको गणतन्त्र दिवस शिविरमा एनसीसी क्याडेटहरूलाई सम्बोधन गर्दै श्री सिंहले राष्ट्रिय क्याडेट कोर आत्म-सुधारको लागि एक प्लेटफर्मको रूपमा काम गर्ने कुरामा जोड दिनुभयो । उहाँले भन्नुभयो , एनसीसी केवल परेड, अभ्यास वा शिविरहरूको बारेमा मात्र होइन, यो अनुशासन, देशभक्ति जगाउने प्लेटफर्म हो र युवाहरूमा ध्यान केन्द्रित गर्ने कमीलाई पनि सम्बोधन गर्दछ। क्याडेटहरूमा गुणहरू विकास गर्दछ जसले तिनीहरूलाई हरेक हिसाबले बलियो बनाउँछ

श्री सिंहले भने कि क्याडेटहरूको यो शक्ति २०४७ सम्ममा राष्ट्रलाई विकसित बनाउन सहयोगी साबित हुनेछ। । सशस्त्र बलको प्रशंसा गर्दै रक्षा मन्त्रीले भन्नुभयो, देशका सैनिकहरूले अपरेशन सिन्दूरको क्रममा प्रदर्शन गरेको धैर्य , क्षमता,र पराक्रम ले पाकिस्तानमा रहेका आतंककारीहरूलाई नष्ट पारेका थिए।

: राष्ट्रिय बालिका दिवस आज देशभर मनाइँदैछ

राष्ट्रिय बालिका दिवस आज देशभर मनाइँदैछ, बालविवाह, महिला भ्रूण हत्या र लैङ्गिक असमानता जस्ता महत्वपूर्ण मुद्दाहरूलाई सम्बोधन गर्न यो दिन स्थापना गरिएको थियो। । प्रत्येक वर्ष जनवरी २४ मा मनाइने यो दिनले लैङ्गिक भेदभावको बारेमा जागरूकता जगाउने, समान अवसरहरू प्रवर्द्धन गर्ने र बालिकाहरूलाई सशक्त नागरिकको रूपमा फस्टाउन सक्ने वातावरण प्रवर्द्धन गर्ने प्लेटफर्मको रूपमा काम गर्दछ। महिला तथा बाल विकास मन्त्रालयद्वारा सुरु गरिएको राष्ट्रिय बालिका दिवस पहिलो पटक २००८ मा भारतमा मनाइएको थियो।

: किरेन रिजिजु -भगवान बुद्धका

अल्पसंख्यक मामिला मन्त्री किरेन रिजिजुले भन्नु भएको छ भगवान बुद्धका शिक्षाहरूले विश्वभर सद्भाव र सहअस्तित्वको मार्गहरू उज्यालो पार्दै आएका छन्। मन्त्रीले आज नयाँ दिल्लीमा दोस्रो विश्वव्यापी बौद्ध शिखर सम्मेलन २०२६ मा बोल्दै यो कुरा बताउनुभयो । उहाँले भन्नुभयो शक्तिशाली बन्न चाहने देशले बुद्धको मार्ग र सिद्धान्तहरू पालना गर्नुपर्छ। उहाँले नागरिकहरूलाई शक्तिशाली र समृद्ध बन्नको लागि सँगै उठ्ने अवधारणालाई अगाडि बढाउन भगवान बुद्धको सिद्धान्तहरू पालना गर्न आह्वान गर्नुभयो । मन्त्रि रिजिजुले बुद्धको ज्ञान र सन्देश फैलाउन प्रधानमन्त्री मोदीको नेतृत्वमा रहेको सरकारको प्रयासहरूमाथि पनि प्रकाश पार्नुभयो ।

: उत्तर प्रदेश स्थापना दिवस

राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति सी.पी. राधाकृष्णन र प्रधानमन्त्री नरेन्द्र मोदीले आज उत्तर प्रदेशको स्थापना दिवसको अवसरमा उत्तर प्रदेशका जनतालाई शुभकामना व्यक्त गरेका गर्नुभएकोछ । सामाजिक सञ्जाल... एक पोस्टमा राष्ट्रपति मुर्मुले भन्नुभयो गौरवशाली इतिहास र समृद्ध संस्कृतिको भूमि भारतको विकास यात्रामा एक बलियो स्तम्भ रहेको छ। राष्ट्रपतिले राज्यका मेहनती र प्रतिभाशाली मानिसहरूको उज्ज्वल भविष्यको कामना पनि गरे र उत्तर प्रदेश निरन्तर प्रगतिको बाटोमा अगाडि बढिरहने विश्वास व्यक्त गरे।

यसैबीच, उपराष्ट्रपति राधाकृष्णनले समृद्ध सांस्कृतिक सम्पदा, आध्यात्मिक विरासत र ऐतिहासिक महत्वको भूमि उत्तर प्रदेशको प्रशंसा गरे जसले भारतको सभ्यताको यात्रालाई आकार दिन महत्वपूर्ण भूमिका खेलेको छ।

: अब मौसम सम्बंदी समाचार

भारतीय मौसम विभाग ले भोलिसम्म पञ्जाब, हरियाणा, चण्डीगढ र दिल्लीमा बाक्लो देखि धेरै बाक्लो कुहिरो लाग्ने सुन्तला रंगको चेतावनी जारी गरेको छ। मौसम विभागले यस महिनाको २५ तारिखसम्म हिमाचल प्रदेशका केही ठाउँहरूमा शीतलहरको अवस्था पनि धेरै हुने बताएको छ। मौसम विभाग आगामी दुई दिनसम्म जम्मू-कश्मीर-लद्दाख र उत्तराखण्डमा एकान्तदेखि छरिएर हल्का देखि मध्यम वर्षा र हिमपात हुने सम्भावना जनाएको छ ।

प्रमुख समाचारहरु :

1) राष्ट्रपति द्रौपदी मुर्मुले भोलि ७७ औं गणतन्त्र दिवसको पूर्वसन्ध्यामा राष्ट्रलाई सम्बोधन गर्नुहुने

2) प्रधानमन्त्री नरेन्द्र मोदिद्वारा नयाँ दिल्लीमा १८ औं राष्ट्रिय रोजगार मेलाको उद्घाटन

३) प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि बिहान ११ बजे आकाशवाणीबाट मन की बात कार्यक्रममा देश र विदेशका जनतासँग आफ्ना विचार साझा गर्नुहुने

4) रक्षामन्त्री राजनाथ सिंहद्वारा , विश्व अनिश्चितताको चरणबाट गुज्रिरहेको बेला देशका युवाहरू सदैव तयार रहनुपर्ने आह्वान ।

5) आज देशभरमा राष्ट्रिय बालिका दिवस पालना गरियो

सुन्दै हुनुन्थ्यो समाचार पुरा भयो